सन्धिखर्क नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

प.सं. ०७६/०७७
च.न.

मिति:-२०७६/१०/२२

विषय:- सहभागी पठाई दिने सम्बन्धमा ।

श्री भूमिकास्थान नगरपालिकाको कार्यालय, अर्घाखाँची ।
श्री शितगंगा नगरपालिकाको कार्यालय, अर्घाखाँची ।
श्री पाणिनी गाउँपालिकाको कार्यालय, अर्घाखाँची ।
श्री छत्रदेव गाउँपालिकाको कार्यालय, अर्घाखाँची ।
श्री मालारानी गाउँपालिकाको कार्यालय, अर्घाखाँची ।

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद भक्तपुरको तत्वावधानमा यस नगरपालिकामा संचालन हुने **'युवा प्रतिभा पहिचान तथा उनीहरुको कार्यलाई प्रोत्साहन'** शीर्षकको कार्यक्रम अन्तरगत **"शिक्षाको रुपान्तरणमा युवाको भूमिका "** विषयक जिल्लाव्यापि वक्तृत्वकला प्रतियोगीता संचालन गरिने भएकोले तहाँ पालिकाबाट १६-२४ उमेर समूहका २ जना युवा (कम्तीमा १ महिला पर्ने गरी) लाई मिति २०७६/१०/२९ का दिन सहभागी हुन यस कार्यालयमा पठाई दिनुहुन अनुरोध छ । साथै प्रतियोगीता सम्वन्धि शर्तहरु तपशिल बमोजिम भएको व्यहोरा समेत अनुरोध छ ।

तपशिल

१. स.न.पा. बाहिरका सहभागीलाई एकमुष्ट रु. १०००।– सहभागिता बापत उपलब्ध गराईने ।
२. प्रतियोगीतामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु.४०००।-, ३०००।–र २०००।– नगद पुरस्कार प्रदान गरिने । (नियमानुसार कर कट्टी हुनेछ )
३. प्रतियोगीतामा प्रथम हुने प्रतियोगीलाई मिति २०७६/११/१५ गते हुने ५ न. प्रदेशस्तरको प्रतियोगीतामा सहभागी हुन सिफारिस गरी पठाईनेछ ।
४. प्रतियोगीको उमेर १६ देखि २४ वर्षको हुनुपर्नेछ र सम्वन्धित पालिकाको बासिन्दा हुनुपर्नेछ ।

..............................
युगलनारायण बसेल

युगल नारायण बसेल
उप सचिव (प्रा)

visit Nepal 2020

☎ ०७७-४२०११२, ४२०६६२ E-mail:- sandhikharkamunicipality@gmail.com URL:-http://www.sandhikharkamun.gov.np